# अमरगढी नगरपालिकामा सामुदायिक विद्यालय समायोजन कार्यविधि- २०७७

**कार्यपालिका बैठकबाट स्वीकृत मितिः— २०७७/०४/२५**

**प्रमाणिकरणः २०७७ /०४ /२५**

**राजपत्रमा प्रकाशनः २०७७ /०४ /२६**

**अमरगढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## अमरगढी नगरपालिकामा सामुदायिक विद्यालय समायोजन कार्यविधि- २०७७

---- अमरगढी नगर कार्यपालिकाबाट पारित मितिः २०७७।०४।२५

**प्रस्तावनाः** अमरगढी नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा रहेका विद्यालयहरूलाई एक आपसमा समायोजन गरी विद्यालयको व्यवस्थापकीय र शैक्षिक सुधारको कार्य गर्न आवश्यक देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अमरगढी नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"अमरगढी नगरपालिकामा सामुदायिक विद्यालय समायोजन कार्यविधि- २०७७"** रहेको छ।

(२) यो **कार्यविधि** तुरून्त प्रारम्भ हुनेछ।

२ **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

क."कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत सहायक र सहयोगीको रुपमा कार्यरत कर्मचारी सम्झनुपर्छ।

ख."कार्यपालिका" भन्नाले अमरगढी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

ग."कार्यालय" भन्नाले अमरगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

घ. "नगरपालिका" भन्नाले अमरगढी नगरपालिका सम्झनुपर्छ।

ङ."नगर शिक्षा समिति" भन्नाले अमरगढी नगरपालिकामा गठित नगर शिक्षा समिति सम्झनुपर्दछ।

च. "विद्यालय" भन्नाले अमरगढी नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालय सम्झनुपर्छ।

छ."विद्यालय समायोजन" भन्नाले दुई वा दुई भन्दा बढी विद्यालयहरू एक आपसमा गाभ्ने वाएक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने (एकीकरण) वाविद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्य सम्झनुपर्छ।

ज. "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत स्थायी, अस्थायी, करार, राहत वा अन्य शिक्षक सम्झनुपर्छ।

झ."शिक्षा शाखा" भन्नाले अमरगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने शाखा सम्झनुपर्छ।

### परिच्छेद-२
### विद्यालय समायोजनका सैद्धान्तिक आधार

१. दुई वा दुईभन्दा बढी विद्यालयहरूलाई गाभी एउटा विद्यालयमा कायम गर्दा देहायका आधारमा गर्नेः

(क) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको

(ख) दुई वा सोभन्दा बढी विद्यालयबीचको पैदल दुरी ३० मिनेटभन्दा कम रहेको

(ग) नजिकमा रहेका दुई वा सोभन्दा बढी विद्यालयहरूमध्ये एउटा वा सबैमा विद्यार्थी सङ्ख्या निम्नानुसार भएको

| कक्षा | १-३ | १-५ | ६-८ | ९-१२ |
|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ४५ | ७५ | ४५ | ८० |
| तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय गाभ्न बाध्य नपार्ने । | | | | |

(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर/एकीकरण भएर उच्च तहको विद्यालयको हैसियत प्राप्त हुन सक्ने दुई वा सोभन्दा बढी विद्यालय ।

(ङ) जनसङ्ख्या बृद्धिदर कम भएको, जनसङ्ख्या बृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू

(च) भौगोलिक रुपले विकटता नभएको अवस्था

२. स्तर बृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि देहायका विकल्प अनुसार समायोजन गर्नेः

(क) कक्षा १-३ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर बृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालय लाई नजिकको विद्यालयको प्रारम्भिक बाल शिक्षा/विकास कक्षाको रूपमा सञ्चालन गर्ने

(ख) कक्षा १-५ सम्म सञ्चालन हुने प्राथमिक विद्यालयका रुपमा स्तर बृद्धि गर्न आधार पूरा नभएका विद्यालयलाई कक्षा १-३ सम्मको विद्यालयका रुपमा कायम गरी सञ्चालन गर्ने । यस्ता विद्यालयलाई नजिकको विद्यालयको विस्तारित कक्षाको रुपमा सञ्चालन गर्न पनि सकिने ।

(ग) कक्षा १-८ सञ्चालन हुने आधारभूत विद्यालयका रुपमा स्तर बृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयलाई प्राथमिक विद्यालयका रुपमा सञ्चालन गर्ने । यस्ता विद्यालयलाई नजिकको विद्यालयको विस्तारित कक्षाको रुपमा सञ्चालन गर्न पनि सकिने ।

(घ) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तर बृद्धि भई सञ्चालनमा आउन आधारहरु पूरा नभएका विद्यालयलाई आधारभूत विद्यालयको रुपमा सञ्चालन गर्ने ।

(ङ) कक्षा ११- १२ अनुमति/स्वीकृति लिई न्यून विद्यार्थी सङ्ख्या भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्मको माध्यमिक विद्यालयको रूपमा सञ्चालन गर्ने ।

३. कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समायोजन गर्नेः

| कक्षा | १-३ | १-५ | ६-८ | ९-१२ |
|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | २० | २५ | २५ | ५० |
| तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालयको कक्षावा तह घटाउने वा अन्य उपयुक्त विकल्प अपनाउने । | | | | |

## परिच्छेद-३
## समायोजन हुने विद्यालयको नामाकरण

१. गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडी थप गरी नामाकरण गर्ने वा दुईवटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने ।

२. एकीकरण हुने विद्यालयको नामाकरण गर्दा बढी विद्यार्थी सङ्ख्या भएको विद्यालयको नामका पछाडी कम विद्यार्थी सङ्ख्या भएको विद्यालयको नाम जोडी नामाकरण गर्ने वा दुईवटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने ।

३. दुईभन्दा बढी विद्यालयहरू आपसमा गाभिइ वा एकीकरण भई नयाँ ठाउँमा विद्यालय स्थापना हुने अवस्था भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साबिकको नाम वा नयाँ नाम राख्ने ।

## परिच्छेद-४
## विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापन

१. विद्यालय समायोजनपश्चात विद्यालयमा रहेको चल अचल सम्पत्तिको व्यवस्थापन देहाय अनुसार हुने गरी सम्बन्धित वडाध्यक्षको समन्वयमा सम्पन्न गर्नुपर्नेछ । यस कार्यमा समायोजन भएका विद्यालयका व्यवस्थापन समितिका प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरूले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(क) गाभिने विद्यालयको सबै चल अचल सम्पत्ति दाखिल खारेज गरी गाभिएको वा नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्ने ।

(ख) गाभिने विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको/नयाँ कायम भएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(ग) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी सम्बन्धित वडाको सिफारिस सहित आवश्यक कारवाहीका लागि नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र नगरपालिकाको कार्यालयले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ ।

(घ) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना बनाइ वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ र नगरपालिकाले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

(ङ) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समिति र नगरपालिकाको शिक्षा शाखाको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ ।

## परिच्छेद-५
## विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक तथा अन्य व्यवस्थापन

१. विद्यालय समायोजन पश्चात विद्यालयको शैक्षिक र अन्य व्यवस्थापन देहाय अनुसार गर्नुपर्नेछः

(क) गाभिने विद्यालयका प्रधानाध्यापक लगायत सबै शिक्षक र कर्मचारीहरूलाई गाभिएको विद्यालयका शिक्षक र कर्मचारीका रुपमा सरूवा कायम गरिनेछ ।

(ख) आवश्यकताभन्दा बढी भएका शिक्षक दरवन्दीलाई नगरपालिकाको पुल दरवन्दीका रुपमा राखी अर्को व्यवस्था नभएसम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिनेछ।

(ग) आवश्यकता भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयमा आवश्यकताका आधारमा सरूवा गरी पदस्थापन गरिनेछ। तर थप दरवन्दीको आवश्यकता देखिएमा दरवन्दी मिलान वा वितरण गर्दा समायोजनबाट कायम भएका विद्यालयलाई प्राथमिकता दिइनेछ।

(घ) विद्यालय समायोजन पश्चात अर्को व्यवस्था नभएसम्मका लागि गाभिने विद्यालयको व्यवस्थापन समिति र अन्य समितिहरू स्वतः निष्कृय हुनेछन् र गाभिएको विद्यालयमा रहेको व्यवस्थापन समितिले नै तोकिएको कामकाज गर्नेछ। तर, गाभिएको विद्यालयको व्यवस्थापन समितिको बैठकमा गाभिने विद्यालयको व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ। साथै गाभिएको विद्यालयको व्यवस्थापन समितिमा कानूनबमोजिम मनोनित गर्नुपर्ने पद रिक्त रहेको भए गाभिने विद्यालयका व्यवस्थापन समितिका सदस्यहरुमध्येबाट मनोनित गर्नुपर्नेछ।

(ङ) विद्यालय समायोजन पश्चात विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको सङ्ख्या तोकिएभन्दा बढी हुन गए तापनि नगरपालिकाले सबै कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको सेवासुविधा र पदीय हैसियतमा कुनै कटौती वा प्रतिकुल प्रभाव पर्ने गरी कार्य गर्ने छैन। तर, आवश्यकताका आधारमा सरुवा वा स्थानान्तरण गरी अर्को विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ।

## परिच्छेद-६
## विद्यालय समायोजनका लागि अपनाउनु पर्ने प्रक्रियागत चरणहरू

१. विद्यालयहरूको समायोजन गर्दा नगरपालिकाले देहायका प्रक्रियागत चरणहरू अपनाउनेछः

(क) कार्यपालिकाले विद्यालय समायोजनका लागि कार्यदल बनाउन सक्ने,

(ख) नगरपालिकामा रहेको विद्यालय र शिक्षक सम्बन्धी तथ्याङ्क अध्ययन तथा विश्लेषण गर्ने,

(ग) समायोजन आवश्यक देखिएका विद्यालयहरूको स्थलगत अध्ययन गर्ने,

(घ) विद्यालयका सरोकारवालाहरू (वडा अध्यक्ष, वि.व्य.स., शि.अ.सं., शिक्षक, अभिभावक, बुद्धिजीवी, आदि) सँग अन्तर्क्रिया र सुझाव सङ्कलन गर्ने,

(ङ) शिक्षा शाखा वा नगर शिक्षा समितिको राय एवम् सिफारिसका आधारमा कार्यपालिकाबाट समायोजन सम्बन्धी निर्णय गर्ने

## परिच्छेद-७
## विविध

१. समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक वाचनालय, सामुदायिक सिकाइ केन्द्र वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा कार्यपालिकाको निर्णयबमोजिम त्यस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

२. समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न नगरपालिकाले अनुमति दिन सक्नेछ।

३. विद्यालय समायोजन, एकीकरण वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि भौतिक सुविधा विस्तार एवम् निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि प्राप्त अनुदान वितरण गर्दा नगरपालिकाले पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनुपर्नेछ ।

४. विद्यालय समायोजन, एकीकरण वा गाभिएपछि उक्त विद्यालयमा पूर्वाधार विकासको कार्यलाई सम्बन्धित वडाले समेत विशेष प्राथमिकता दिनुपर्नेछ ।

-०-